लेखन एवम् चित्रणः विलम डे भिङ्क

# येशू, उद्धारकर्ता



लेखन एवम् चित्रणः विलम डे भिङ्क

# येशू, उद्धारकर्ता





Copyright © 1993 Stichting Wereldtaal, Houten, The Netherlands.


सर्वाधिकार सुरक्षित। प्रकाशकबाट लिखित अनुमतिविना फोटोकपी, रेकर्डिङ्ग अथवा अन्य कुनै किसिमको जानकारी संचय गर्ने र पुनः निकाल्न मिल्ने प्रणाली लगायत, कुनै पनि इलेक्ट्रोनिक अथवा मेकानिकल रूपमा अथवा माध्यमद्वारा यो प्रकाशनको कुनै पनि भाग पुनः उत्पादन गर्न अथवा प्रसार गर्न पाइनेछैन।


Worldwide co-edition organised and produced by Proclama, P.O. Box 91,
3958 ZV Amerongen, The Netherlands.


Printed for TEACH Ministries, Kathmandu, Nepal.





यी सबै मानिसहरू नदीमा किन जम्मा हुँदैछन्?



आफैलाई तयार गर,
परमेश्‍वरको राज्य आउँदैछ!



नयाँ जीवन शुरू गर!
परमेश्वरको न्यायको बन्चरो रूखको फेदमा परिसकेको छ...
असल फल नफलाउने हरेक रूख काटी ढालिनेछ, र आगोमा फालिनेछ!
हामी सबै जना नै काटिनसक्छौं। असल जीवन जिउन को समर्थ छ?
ठीक! परमेश्वरको न्यायबाट कोही पनि उम्कन सक्दैन। तर मपछि एक जना आउँदैहुनुहुन्छ, जसले तिमीहरूलाई भित्रैबाट बदल्न सक्नुहुन्छ।
यदि तिमीहरूले साँच्चै नै आफ्नो जीवन बदलिएको चाहन्छौ भने, आफ्नो पाप मानिलेओ, अनि आएर यो पानीमा बप्तिस्मा लेओ।
2.
अब एउटा नयाँ जीवन शुरू गर्न तिमी तिम्रो पापबाट शुद्ध पारिएका छौ।



नदीमा भएको प्रचारकलाई सबैले बप्तिस्मा-दिने योआनेस भन्छन्...
म मुख्य होइनँ। मैले एक जनाको निम्ति बाटो तयार गर्दैछु, जसले परमेश्वर को हुनुहुन्छ भनी हामीलाई देखाउनुहुनेछ। उहाँले तिमीहरूलाई परमेश्वरको आत्मा र परमेश्वरको आगोले बप्तिस्मा दिनुहुनेछ। त्यसले तिमीहरूलाई पूर्णरूपले परिवर्तन गर्नेछ।
तब...
म...मैले तपाईं-द्वारा बप्तिस्मा लिनपर्छ।
यसै गर। यसरी हामीले परमेश्वरको इच्छा पूरा गर्नेछौं।
पिता, तपाईंको राज्य आओस् र तपाईंको इच्छा पूरा होस्!
तब स्वर्गबाट एउटा आवाज आउँछ...
हो, तिमी मेरा पुत्र हौ। म तिमीलाई प्रेम गर्छु, अनि म तिमीसँग प्रसन्न छु।



बप्तिस्मा-दिने योआनेसले इस्राएललाई मसीहको आगमनको निम्ति तयार गरेको समय इश्वी सन्को शुरूको समय हो। यस समयमा इस्राएल ठूलो रोमी साम्राज्यको एक सानो अंश मात्र छ।
कफर्नहुम
गालील
नासरत
काना
यर्दन
यरूशलेम
इस्राएल
इस्राएलमा यहूदीहरू निःसहाय र दबिएको अनुभव गर्दैछन्। मानिस-हरू मसीह आउनुहुने समयको प्रतीक्षा गर्दैछन्। उहाँ उद्धारक हुनुहुन्छ, जसको आगमनको बारेमा पुराना यहूदी पुस्तकहरूमा बताइएको छ। यो मसीहले परमेश्वरको न्यायलाई विजयी तुल्याउनुहुनेछ।
यर्दन नदीमा, योआनेसले येशूलाई लक्षित गर्दै देखाउँछन्।
हेर! संसारको पाप उठाइलैजाने परमेश्वरका थुमा!
उहाँको बप्तिस्मापछि, परमेश्वरको आत्मा-ले येशूलाई उजाड़-स्थानमा लैजानुहुन्छ।
येशू त्यहाँ ४० दिन र रातसम्म केही खानपिन नगरी बस्नुहुन्छ। प्रार्थना र उपवास गरेरआफ्नो काम के हो भन्ने कुरा उहाँले अझै प्रष्टसित देख्न सक्नुहुन्छ।
येशूले शैतानको सामना गर्नुहुन्छ, जो अन्धकारको अदृष्य शासक हो, जसले मृत्यु र नाशद्वारा संसारमा शासन गर्छ।
सफल बन्नको निम्ति, येशूले संसारमा परमेश्वरको अभिप्राय-लाई प्रष्ट पार्नपर्छ। परमेश्वरको योजना मानिसहरू पापको बन्धन-बाट मुक्त होऊन् भन्ने छ।
हो पिता! तपाईंले जे भन्नुहुन्छ, म त्यही गर्छु!



तर शैतान, येशूको शत्रुले उहाँलाई लोभ्याएर सेवकाइबाट टाढ़ा लैजाने विचार उहाँमा हाल्न प्रयत्न गर्छ।
यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने, यी ढुङ्गालाई रोटीमा परिवर्तन गर्नुहोस्!
हुँदैन! यस्तो लेखिएको छः मानिस रोटीले मात्र बाँच्दैन, तर उसलाई पहिले परमेश्वरले बोल्नुहुने वचनको आवश्यकता छ।
यदि तपाईं साँच्चै परमेश्वरको पुत्र हुनुहुन्छ भने, प्रमाण गर्नुहोस्! मन्दिरको छानाबाट हाम फाल्नुहोस्। स्वर्गदूतहरूले तपाईंलाई उचाल्नेछन् भनी लेखिएको छ, होइन र?
यस्तो पनि लेखिएको छः परमेश्वरको परीक्षा नगर्नू।
यदि तपाईंले घोप्टेर मलाई दण्डवत् गर्नुभयो भने, पृथ्वीमा सबै अधिकार म तपाईंलाई दिनेछु।
शैतान, तँ दूर होइजा! यस्तो लेखिएको छः परमेश्वरलाई मात्र दण्डवत् र सेवा गर्नू।
यसपछि शैतानले येशूलाई एक्लै छोड्छ। स्वर्गदूतहरू उहाँको सेवा गर्न आउँछन्।
गालीलमा फर्कनुहुँदा येशू पवित्र आत्माले भरपूर हुनुहुन्छ। येशू उत्तरी इस्राएलको यो घना जनसंख्या भएको क्षेत्रमा हुर्कनुभयो। उहाँले यात्रा गर्दा धेरै मानिसहरू उहाँको साथमा आउँछन्। अगमवक्ताहरूले जसको बारेमा लेखेका थिए त्यो मसीह कतै येशू नै त होइन भनी जान्न तिनीहरू उत्सुक छन् ...



गालीलको डाँड़ाहरूका कुनै ठाउँ, कान्नामा एउटा विवाह हुँदैछ...
येशू पनि आफ्नो आमा र केही साथीहरूसँग त्यो उत्सवमा हुनुहुन्छ।



तर उत्सवको आधाआधीमै...
कस्तो विपद! मद्य सकियो!
येशूले भनेझैं तिमीले गर्नू!
घ्याम्पाहरूलाई पानीले भर अनि भोजको मुखियालाई यो चाख्न देओ।
?
पानी? यो त मद्य हो! अनि कत्ति राम्रो मद्य!
यो चाख! तिमीले त असल दाखमद्य अन्तिमसम्म राखिछाड्छौ!
कहिल्यै नसुनेको कुरा! म योजस्तो विहेमा गएकै छैनँ। पानी दाखमद्य बन्यो! असल दाखमद्य!
त्यो काम नासरतको येशूको हो!
उचाहिँ को हो?


कफर्नहुम गालीलको समुद्रछेउको एक समृद्ध माछा मार्ने गाउँ हो। यहाँ येशूले परमेश्वरको राज्यको बारेमा जन समुदायको अघि बोल्न शुरू गर्नुहुन्छ।
अनि यहीँ उहाँले आफ्ना प्रथम चेलाहरू छान्नुहुन्छ।
पत्रस, डुङ्गामा गहिरोतिर जाऔं, अनि त्यहाँ तिम्रो जाल हान।
गुरुज्यू! हामीले रातभरि मेहनत गरेर पनि केही फेला पारेनौं।
तर यदि तपाईंले भन्नुहुन्छ भने...
यो के हो! म विश्वासै गर्न सक्दिनँ!


याकूब! योआनेस! यहाँ आओ! जीवनभरको सबैभन्दा ठूलो पक्राइ यही हो!
प्रभु, मबाट जाइजानुहोस्! म पापी मानिस हुँ।
नडराऊ, पत्रस!
मेरो पछि लाग! म तिमीहरूलाई मानिसहरूका जालहारी तुल्याउनेछु!
मेरो पछि लाग!



येशूले आफ्ना चेलाहरूसित सारा गालीलभरि यात्रा गर्नुहुन्छ। उहाँले सबैलाई परमेश्वरको राज्यको बारेमा बताउनुहुन्छ। उहाँले सबै किसिमका रोगहरू निको पार्नुहुन्छ र शैतानिक आत्मालाई निकालिदिनुहुन्छ। मानिसहरू आश्चर्यचकित हुन्छन् र उहाँलाई पछ्याउँछन्। तिनीहरू अन्य इलाकाहरू र इस्राएलको राजधानी, यरूशलेमबाट पनि आउँछन्। तिनीहरू उहाँको हरेक वचनमा छक्क पर्छन्।
दीनहरू धन्य हुन्, स्वर्गको राज्य तिनीहरूको हो।
भोकाउनेहरू धन्य हुन्। किनकि तिनीहरू तृप्त हुनेछन्।
शोक गर्नेहरू धन्य हुन्। तिनीहरू खुशी हुनेछ्न।
धन्य हौ तिमीहरू, जब मानिसहरूले मेरो कारण तिमीहरूलाई नराम्रो व्यवहार गर्छन्। तब रमाओ र आनन्दित होओ, किनकि स्वर्गमा तिमीहरूको इनाम ठूलो हुनेछ।



अरूबाट तिमी जस्तो व्यवहार चाहन्छौ तिमीले पनि त्यस्तै व्यवहार गर
तिम्रो शत्रुहरूलाई प्रेम गर र तिनीहरूको निम्ति प्रार्थना गर।
भलो काम गुप्तमा गर, ताकि तिमीले अरूको ध्यान खिँच्नेछैनौ।
जसले कोही स्त्रीलाई कामवासनाको इच्छाले हेर्दछ, त्यसले अधिबाटै आफ्नो हृदयमा त्यससँग व्यभिचार गरिसकेको हुन्छ।
आँखा शरीरको बत्ती हो। यदि तिम्रा आँखा स्वस्थ छन् भने, तिम्रो सारा शरीर उज्यालो हुन्छ। तर तिम्रा आँखा धमिला छन् भने, तिमी अन्धकारमा जिउनेछौ।
कसैले पनि दुइ मालिकको सेवा गर्न सक्दैन; कि त परमेश्वर कि त पैसाको।
भोलिको निम्ति चिन्ता नगर। पहिले परमेश्वरको राज्यको खोजी गर, तब सबै थोक थपिनेछन्।
यदि मैले भनेझैँ गर्‍यौ भने, तिमीहरू त्यो मानिसझैँ हुनेछौ जसले आफ्नो घर चट्टानमाथि बनाउँछ। मेरो वचनअनुसार गरेनौ भने, तिमीहरू बालुवामाथि घर बनाउने मानिसझैँ हुनेछौ।





एक दिन जब भीड़ कफर्नहुमको घरमा येशूको वरपर भरिएको थियो...
हामी भित्र पस्नै सक्दैनौं।
छाना र बिछ्यौना हुनपर्छ, अनि भइहाल्छ!
त्यहाँ माथि के हुँदैछ?
तिनीहरूलाई छोड़िदेऊ! यी मित्रहरूसँग धेरै विश्वास छ!
तिम्रा पाप क्षमा भए !
के तिमीले त्यो सुन्यौ? उसले कसरी गर्नसक्छ!
उसले परमेश्वरको निन्दा गर्दैछ!
केवल परमेश्वरले मात्र कसैलाई पापबाट छुटाउन सक्नुहुन्छ!
कुनै लङ्गड़ालाई के भन्न सजिलो छः 'तिम्रा पाप क्षमा भए', कि 'उठेर हिँड़'?
मसीहलाई पाप क्षमा गर्ने अधिकार छ। तर मयोपनि भन्छुः उठेर खाट बोकर हिँड़।



अचम्भ!
वाह! म हिँड्न सक्छु!
ऊ हिँड्दैछ!
तर येशूको कार्यसँग सबै जना खुशी छैनन्। धार्मिक गुरुहरूले येशूले शबाथको नियम पालन गरे नगरेको चियो गर्दैछन्। इस्राएलमा यो दिनमा कुनै पनि काम गर्नु सख्त मनाही छ।
यो एउटा हात सुकेको मानिस हो। के आजको दिनमा असल गर्न अनुमति छ?
तिम्रो हात तन्काऊ!
वाह! म निको भएँ!
हामीले ऊबाट छुटकारा पाउनैपर्छ!
यसले जनतालाई बहकाउँदैछ भनेर यरूशलेमका नेताहरूलाई बताउनैपर्छ!



येशू चेलाहरूसँग डुङ्गामा गालीलको समुद्रमा जानुहुन्छ।
गुरुज्यू! बचाउनुहोस्! हामी डुब्दैछौं!
तिमीहरू किन डराएका? तिमीहरूको विश्वास खोइ?
14.



शान्त हो! रोकिजा!
तिनीहरूले डुङ्गालाई किनारमा बाँध्छन्। तर पहाड़मा...
.....र र् र हा!


त्यहाँ भूतात्मा लागेको एक व्यक्ति छ, जो पहाड़मा बस्छ...
उहाँ आउँदै हुनुहुन्छ!
ऊ! उफ्!
अँ अँ येशू!
अशुद्ध आत्मा! त्यस मानिसबाट निस्की!
हे सर्वोच्च परमेश्वरका पुत्र, तपाईंको मसँग के सरोकार छ?
तेरो नाउँ के हो?
फौज, किनकि हामी धेरै छौं।
हामीलाई ती सुँगुरमा जानदिनोस्।
जाओ!



?
म पूर्ण रीतिले निको भएँ!
हामीलाई छोड़ेर जानुहोस्!
के म आउन सक्छु?
हुँदैन, यहीँ बस। परमेश्वर-ले तिम्रो निम्ति के गर्नुभयो सो सबैलाई बताऊ!



म तिमीहरूलाई भन्दैछुः पुत्र आफैले केही गर्न सक्दैन। उसले त पिताले जे गर्दैगरेको देख्छ, त्यही गर्छ। मआफ्नै इच्छाअनुसार गर्दिनँ, तर पिताको इच्छाअनुसार गर्छु। मलाई पठाउने उहाँ नै हुनुहुन्छ।
येशू नियमित रूपले एकान्त ठाउँमा प्रार्थना गर्न जानुहुन्छ।
एक रातको प्रार्थनापछि येशूले उहाँका १२ प्रेरितहरू छान्नुहुन्छ। उहाँले तिनीहरूलाई दुइ-दुइ जना गरी पठाउनुहुन्छ। उहाँले तिनीहरूलाई सबै शैतानिक आत्मा र रोगहरूमाथि अधिकार दिनुहुन्छ।
तिनीहरू दाजुभाइ पत्रस र अन्द्रियास
दाजुभाइ याकूब र योआनेस...
फिलिप र नथानेल...



थोमास र मतियोस (जोचाहिँ पहिले रोमी शासकहरूका निम्ति कर उठाउने व्यक्ति थिए।)
थेदियस र अर्को याकूब...
सिमोन, जो उग्रपन्थी भनिन्थे, अनि यहूदा इस्करियोत हुन्।
जाओ। जसले तिमीहरूलाई ग्रहण गर्छ, उसले मलाई ग्रहण गर्छ, अनि जसले मलाई ग्रहण गर्छ, उसले मलाई पठाउनुहुनेलाई ग्रहण गर्छ।
१२ प्रेरितहरू तिनीहरू-का सेवकाइबाट उत्साहित भई फर्कन्छन्। यसपछि येशू तिनीहरूसँग एउटा एकान्त ठाउँमा जान चाहनुहुन्छ, तर भीड़ले उहाँलाई एकलै रहन दिँदैन।
फसल प्रशस्त छ, तर खेतालाहरू थोरै छन्। फसलका प्रभुलाई प्रार्थना गर, र उहाँले आफ्नो फसलमा खेतालाहरू पठाइदिऊन्।




येशू फेरि पनि बोल्दै र निको पार्दैहुनुहुन्छ। अबेर हुँदैछ...
फिलिप, यी सबै मानिसहरूले कसरी खानेकुरा पाउँछन्? तिनीहरूलाई किन तिमीले नै केही दिँदैनौ?
आठ महीनाको कमाइले पनि यसको निम्ति पुग्दैन!
यहाँ पाँच रोटी र दुइ माछा भएको एउटा केटा छ। यहाँ भएको यत्ति मात्रै हो।
मानिसहरूलाई ५०\५० जनाको झुण्डमा बसाल।
येशूले परमेश्वरलाई धन्यवाद दिनुहुन्छ...
उहाँले रोटी र माछा टुक्र्याउनुहुन्छ।



येशूले खानेकुराहरू वृद्धि गर्नुहुँदा हजारौँ मानिसहरूले खान्छन्...
आउनेवाला मसीह उहाँ नै हुनुपर्छ।
हामीले उहाँलाई राजा बनाउनैपर्छ!
हेर त! उब्रेका टुक्राहरू १२ डालाभरि छन्।
मानिसहरूलाई घर पठाउने समय भयो। तिमीहरू डुङ्गा लिएर पारिपट्टि जाओ। म प्रार्थना गर्न यहीँ डाँड़ामा बस्छु।



पछि...
ओहो! त्यो त भूत हो!
नडराओ। म हुँ!
हे प्रभु, तपाईं नै हुनुहुन्छ भने, मलाई तपाईंकहाँ पानी-माथि आउने आज्ञा दिनुहोस्!
आऊ पत्रस!
प्रभु, मलाई बचाउनुहोस्!
तिमीले किन शङ्का गर्‍यौ, पत्रस?



त्यहाँ यस्ता मानिसहरू छन्, जसले येशूलाई राजा घोषणा गर्न चाहन्छन्। तिनीहरूको आशा छ, कि उहाँको नेतृत्वमा रोमी कब्जादारहरू निकालिनेछन्। येशूका विरोधीहरू पनि बढ्दैछन्। तिनीहरूले निरन्तर उहाँको आलोचना गर्दैछन्। तिनीहरूले मानिसहरूलाई उहाँको विरुद्धमा उक्साएर उहाँबाट छुटकारा पाउन चाहन्छन्।
गुरुज्यू, तपाईं यहाँ कहिले आउनुभयो?
के तिमीहरूलाई मैले दिएको रोटीको कारण तिमीहरू मलाई खोज्छौ?
नष्ट हुने भोजनको निम्ति परिश्रम नगर, तर अनन्त जीवनसम्म रहने भोजनको निम्ति परिश्रम गर।
म त्यो रोटी हुँ, जसले अनन्त जीवन दिन्छ। जुन रोटी म संसारको जीवनको लागि दिन्छु, त्योचाहिँ मेरो देह हो।
यस मानिसले कसरी हामीलाई आफ्नो देह खानदिन सक्छ?
मूर्ख्याइँ!
आओ, जाऔं!
उसले सबैलाई धोखा मात्र दिँदैछ।
के तिमीहरू पनि जान चाहन्नौ?
प्रभु, हामी कसकहाँ जाऔं? तपाईंसित अनन्त जीवनका वाणी छन्!





येशूको विरोध बढ्दैजान्छ। उहाँले गालील क्षेत्र छोड्नुहुन्छ र इस्राएलका अन्य ठाउँहरूमा, स्त्री र पुरूष सबै अनुयायीहरूका साथमा रहँदै आफ्नो काम जारी राख्नुहुन्छ।
गालील
यरूशलेम
इस्राएल
पछि उहाँ यरूशलेमतर्फ जानुहुन्छ।
यात्रामा रहँदा...
मानिसहरूले म को हुँ भन्छन्?
तपाईं एक अगमवक्ता हुनु-हुन्छ भनी तिनीहरू भन्छन्।
अनि तिमीहरू?
तिमीहरू म को हुँ भन्छौ?
तपाईं उद्धारकर्ता हुनुहुन्छ, जीवित परमेश्वरको पुत्र।
कसैलाई नभन्नू। मसीहलाई कष्ट भोग्न र मर्न यरूशलेम जानपर्छ। तर तेस्रो दिनमा ऊ चिहानबाट जीवित भई उठ्नेछ।



यरूशलेम शहरको बाहिर बेला बेलामा मानिसहरू मारिन्छन्।
तिनीहरू क्रूसमा झुण्ड्याइन्छन्, जो निर्दयी, रोमी मृत्यु-दण्ड हो।
यदि कोही मेरो हुन चाहन्छ भने, उसले आफैलाई त्यागनपर्छ, आफ्नो क्रूस उठाउनपर्छ र मलाई पछ्याउनपर्छ।
जसले आफ्नो प्राण बचाउने इच्छा गर्छ, त्यसले त्यो गुमाउनेछ। तर जसले मेरो खातिर आफ्नो प्राण गुमाउँछ, त्यसले त्यो बचाउनेछ।
तिमीहरूले यो जान्न नै पर्छ, परमेश्वर केवल एउटै हुनुहुन्छ।
मुख्य कुरो यही हो, कि तिमीले तिमीभित्र भएका सबै थोकले परमेश्वरलाई प्रेम गर, अनि अरू मानिसहरूलाई पनि आफैलाई झैं प्रेम गर।



यो समयमा इस्राएलमा कुष्टरोगी गाउँहरू छन्। कुष्टरोग डरलाग्दो चर्मरोग हो। यो रोग लागेकाहरूलाई स्वस्थ मानिसको सम्पर्कमा आउन अनुमति छैन।
कुष्टरोगीहरू यताउता जाँदा अरूलाई तिनीहरू आउँदैछन् भन्ने चेतावनी दिन चिच्च्याउने गर्छन्।
कुष्टरोगी! कुष्टरोगी!
येशू! गुरुज्यू! हामीमाथि दया गर्नुहोस्।



जाओ, आफैलाई पूजाहारी-
कहाँ देखाओ!
पूजाहारीकहाँ जाने?
देखाउन?
के तब हामी
निको हुनेछौं?
?
!
हेर! म निको भएँ!
हामी निको भयौं!
हो!
हाल्लेलूयाह!
प्रभु भलो हुनु-
हुन्छ! धन्यवाद!
के तिमीहरू १० जना निको भएका
होइनौ? अरू खोइ त? के तिनीहरू
परमेश्वरलाई धन्यवाद चढ़ाउन
आएका छैनन्?
उठ! तिम्रो विश्वासले तिमीलाई
केवल निको पारेको मात्र छैन,
तर बचाएको पनि छ!



यरूशलेमका नेताहरूले येशू यात्रामा रहनुहुँदा उहाँको चेवा गर्न आफ्ना मानिसहरू पठाउँछन्। उहाँको व्यवहारद्वारा तिनीहरू असन्तुष्ट हुन्छन्।
उहाँले आफैलाई खराब मर्यादाका मानिसको सम्पर्कमा ल्याउनुहुन्छ, जस्तैः वेश्याहरू, कर उठाउनेहरू जसले रोमीहरूसँग व्यवहार गर्छन्...
मसीह हराएकाहरूलाई खोज्न र तिनीहरूलाई बचाउन आएको हो।
येशूले शबाथमा निको पार्नुभएको हुनाले...
निको होऊ!
अनि बाल-बालिकाहरूप्रति उहाँको ध्यान भएकोले...
बालकहरूलाई मकहाँ आउनदेओ। परमेश्वरको राज्य यस्तैहरूको लागि हो।



येशू बेथानियामा बोलाइनुहुन्छ, जो यरूशलेमदेखि नजीकैको गाउँ हो। लाजरस बिरामी छन्। लाजरस र उनका दुइ दिदी बहिनी मार्था र मरियम येशूका असल मित्र हुन्। जब येशू बेथानियामा आइपुग्नुहुन्छ, तब लाजरस चार दिन अघि नै गाड़िए भनी सुन्नुहुन्छ...
प्रभु!
प्रभु, तपाईं यहाँ हुनुभएको भए मेरो भाइ मर्नेथिएन!
तिम्रो भाइ फेरि जिउनेछ, मार्था।
हो मलाई थाहा छ। अन्तिम दिनको पुनरुत्थानमा ऊ जिउनेछ।
पुनरुत्थान र जीवन म नै हुँ। मलाई विश्वास गर्ने जिउनेछ। के तिमी यो विश्वास गर्छ्यौं, मार्था?
ज्यू प्रभु! म विश्वास गर्दछु, तपाईं संसारमा आउनुहुने उद्धारकर्ता, परमेश्वरका पुत्र हुनुहुन्छ।
तिमीहरूले तिनलाई कहाँ गाड़ेका छौ?
प्रभु, आएर हेर्नुहोस्!



हेर, उहाँले तिनलाई साँच्चै नै प्रेम गर्नुहुन्थ्यो।
के उनले लाजरसको मृत्यु रोक्न सक्नेथिएनन् र?
यहाँ मरेकाहरूलाई कपड़ामा बेह्रेर चट्टानमा बनाइएको चिहानमा राख्ने चलन छ।
ढुङ्गो हटाओ!
प्रभु, त्यो गह्नाउँछ; त्यो राखेको चार दिन भइसक्यो...
तिमीले परमेश्वरको महिमा देख्नेछौ।
पिता, म यो भन्दैछु, ताकि यहाँ उभिने मानिसहरूले मलाई तपाईंले नै पठाउनुभएको हो भनी विश्वास गरून्।
लाजरस, बाहिर आऊ!
30
उनको कात्रो खोलिदेओ र उनलाई जान देओ।



यरूशलेमका अख्तियारवालहरू येशू र उहाँका अनुयायीहरूप्रति बढ़ी चासो राख्दैछन्।
त्यो मानिसले धैरै आश्चर्यकर्महरू गर्छ।
यदि हामीले यो रहिरहनदियौं भने रोमीहरूले कारवाही गर्नेछन्!
तिनीहरूले हाम्रो मन्दिर र राष्ट्रलाई नाश गर्नेछन्!
आफ्नो विवेक चलाउनुहोस्! राष्ट्रको लागि सबै देश नै नाश हुनुभन्दा एउटा मानिस मर्नु राम्रो हुन्छ।
त्यसैकारण नै येशू मारिनपर्छ!
त्यस बेलादेखि यहूदी नेताहरूले येशूलाई रोमीहरूकहाँ सुम्पने अवसर हेर्न लाग्छन्, तिनीहरूसँग मात्र मृत्यु-दण्ड दिने अधिकार छ।



येशू बेथानियामा हुनुहुँदा...
मरियम!
त्यो अत्तर! त्यो तभाग्य-ले मात्र किन्न सकिन्छ!
बरु हामीले पैसा गरीबहरूलाई दिएका भए राम्रो हुन्थ्यो।
उनलाई छोड़िदेऊ, यहूदा। उनले मेरो अन्त्यष्टिको निम्ति अत्तर जोगाएकी हुन्।



चाँड़े नै निस्तार चाड़ आउँदैछ। मानिसहरूको भीड़ यरूशलेमतर्फ यात्रा गर्दैछन्।



यरूशलेममा नेताहरूले येशूलाई गिरफ्तार गर्ने योजना गर्दैछन्। तापनि येशू शहरतर्फ नै जानुहुन्छ।



मानिसहरू उहाँलाई स्वागत गर्दै चिच्च्याउँछन्।
हुर्रे!
हुर्रे!
परमप्रभुको नाउँमा आउने व्यक्ति धन्यका होऊन्।
इस्राएलका महाराजा!
34
सारा संसार उसको पछि लाग्दैछ।
यस किसिमले त हामी केही गर्न सक्दैनौं।



राजधानी शहरको मन्दिर आराधनाको केन्द्र हो।
निस्तार चाड़को समयमा थुमाहरू मारिन्छन्।
मानिसहरूलाई परमेश्वरसँग मिलापमा ल्याउन थुमाहरू मन्दिरमा चढ़ाइन्छन्।
तर बलिको कुनचाहिँ थुमाले मानिसहरूलाई साँच्चै नै तिनीहरूका पापबाट स्वतन्त्र गर्न सक्छ?
मन्दिरको चोकमा मानिसहरू व्यापार र विनिमयमा व्यस्त छन्।
येशू पनि त्यहीँ आउनुहुन्छ...



परमेश्वरको घर प्रार्थनाको घरभनिनपर्ने हो, तर तिमी-हरूले यसलाई चोरहरूका ओड़ार पो बनाएका छौ!
ऊ खतरनाक छ! तर मानिसहरू उसको हरेक वचनमा झुण्डिन्छन्!
हामीले चाँड़ै नै उबाट छुटकारा पाउनपर्छ।


यदि उसलाई छल गऱ्यौं भने, हामी उसलाई पक्रन समर्थ हुनसक्छौं। तब हामीले उसलाई मार्न लगाउनसक्छौं।
तर चाड़को समयमा होइन। निस्तारको समयमा हामी कुनै पनि समस्या चाहँदैनौं।
उहाँको निम्ति मलाई कति धन दिनुहुन्छ?
यो यहूदा हो, उसका चेलाहरू-मध्ये एक!
येशूलाई तपाईंको हातमा म सुम्पनेछु!
हामी तिमीलाई येशूको निम्ति ३० टुक्रा चाँदी दिनेछौं; जो एउटा दासको मूल्य हो।



नेताहरूले निरन्तर उहाँको निम्ति समस्या खड़ा गरे तापनि येशूले निस्तार चाड़भन्दा अघिका दिनहरू मन्दिरमा मानिसहरूसँग बोल्दै बिताउनुहुन्छ।
त्यो बेलुकी येशू र उहाँका १ २ प्रेरितहरू शहरमा निस्तारको भोजको निम्ति भेला हुन्छन्।
म आज राती यो काम गर्नेछु!


मैले कष्ट भोग्नुभन्दा अघि निस्तारको यो भोज तिमीहरूसँग खाने प्रतीक्षा गरेको थिएँ।
शासकहरूले आफ्ना मानिसमाथि अधिकार जमाउँछन्, तर तिमी-हरूमा भने यो उल्टा हुनपर्छ!
सबैको सेवक तिमीहरूको अगुवा हुनेछ।
म तिमीहरूको माझमा एउटा सेवकजस्तै छु।


प्रभु, के एउटा दासले झैं तपाईंले मेरो खुट्टा धुने? कहिल्यै हुँदैन!
यदि मैले तिम्रो खुट्टा धोइनँ भने मसँग तिम्रो केही हिस्सा हुनेछैन।
प्रभु, त्यसोभए मेरो शिर र हातहरू पनि धोइदिनुहोस्।
नुहाइसकेकाहरूलाई केवल खुट्टा मात्र धुन आवश्यक छ।
तिमीहरूले मलाई प्रभु र गुरु भन्छौ, त्यो ठीक हो। जसरी मैले तिमीहरूका खुट्टा धोएको छु, तिमीहरूले पनि त्यसै गरी एक-अर्कालाई सेवा गर।
तिमीहरूमध्ये एक जनाले मलाई धोखा दिनेछ।
मैले त होइन नि?
कहिल्यै नहोस्!
यहूदा, तिमीले जे गर्नुछ चाँडो गरिहाल!



मेरो सम्झनामा यो
अक्सर गर्ने गर...
यो रोटी लेओ, यो
मेरो शरीर हो।
यो कचौरा लेओ, यो मेरो रगत
हो, जो तिम्रो निम्ति बगाइन्छ।
यस प्रकारले परमेश्वरले
तिमीहरूसँग एउटा नयाँ
करार बाँध्नुहुन्छ।
म तिमीहरूलाई एउटा नयाँ
आज्ञा दिन्छु, एक-अर्कालाई प्रेम
गर, जसरी मैले तिमीहरूलाई
प्रेम गरेको छु।
यदि तिमीहरूमा यो प्रेम छ भने,
सबैले तिमीहरू मेरा चेला हौ
भनी थाहा पाउनेछन्।
प्रभु, मैले जहाँ पनि तपाईं-
लाई पछ्याउनेछु। मैले तपाईंको
निम्ति आफ्नो जीवन दिनेछु।
पत्रस, भाले बास्नभन्दा अघि
नै तिमीले मलाई तीनपल्ट
इन्कार गरेका हुनेछौ।


बेलुकी केही समयपछि येशू र चेलाहरूले शहर छोड्नुहुन्छ। यहूदा उहाँहरूसँग छैन...
म तिमीहरूलाई छोड़ेर जाँदैछु, तर पिताले तिमीहरू-कहाँ पवित्र आत्मालाई पठाउनुहुनेछ। उहाँले तिमीहरूलाई सहायता गर्नुहुनेछ र सधैं तिमीहरूसित हुनुहुनेछ।
म जाने ठाउँको बाटो तिमीहरू जान्दछौ।
बाटो, सत्य र जीवन म नै हुँ। मद्बारा बाहेक कोही पनि पिताकहाँ आउन सक्तैन।
तिमीहरू यहीं बस। म प्रार्थना गर्न अलिक पर जान्छु।
पिता, सम्भव छ भने यो कष्ट मबाट हटाइदिनुहोस्।
तापनि, मेरो इच्छा होइन, तर तपाईंको इच्छा पूरा होस्!



यस्तो समयमा पनि तिमीहरू कसरी सुत्न सक्छौ? उठ! मलाई धोखा दिने व्यक्ति यहाँ छ!
मैले चुम्बन गर्नेचाहिँलाई पक्र।
हे गुरुज्यू!
यहूदा, के तिमीले एउटा चुम्बन-द्वारा मसीहलाई धोखा दिन्छौ?
प्रभु, के हामी लड़ाइँ गरौं?
होइन!
येशूले आफैलाई तिनीहरूद्वारा लगिन दिनुहुन्छ। उहाँका चेलाहरू चारैतिर भाग्छन्।





येशू सबै यहूदी नेताहरूका शिर, प्रधान पूजाहारीकहाँ लगिनुहुन्छ। पत्रस र योआनेसले टाढ़ैबाट पछ्याउँछन्।
पत्रस चोकभित्र जान्छन्।
के तिमी तिनीसँगै थिएनौ र?
के भन्दैछौ! म उहाँलाई चिन्दिनँ पनि!
तिमी तीमध्येका एक हौ, होइन र?
अवश्यै होइनँ!
म निश्चय छु! तिमी त्यहाँ थियौ! तिमी एक गालीली हौ!
तिमी के भनिरहेछौ म जान्दिनँ।





कु–खु–
री–काँ...
के तँ परमेश्वर-
को पुत्र होस्?
अगमवाणी गर्! तँलाई
कसले हिर्कायो?
बिहान येशू यहूदी नेताहरूका सभामा ल्याइनुहुन्छ।
के तँ परमेश्वर-
को पुत्र होस्?
तपाईंले भनेझैं
नै हो।
ईश्वर-निन्दा!
ऊ मारिने योग्य छ। रोमीहरूले
उसको मुद्दा हेरून्!



येशू रोमी हाकिम पिलातसकहाँ लगिनुहुन्छ। यहूदी नेताहरूले हेर्न आएका मानिसहरूलाई उक्साउँछन्। तिनीहरू सबै किसिमका दोष दिँदै चिच्च्याउँछन्।
यी सबै दोषहरूको विरुद्ध तिमी के भन्छौ? केही पनि भन्दैनौ?
तिमीले के गरेका छौ?
म सत्यताको साक्षी दिन आएको छु।
सत्य के हो?
म उनमा केही दोष भेटाउँदिनँ। यो निस्तार चाड़ हो। म कसलाई छोड़िदिऊँ; बारब्बालाई कि यहूदीहरूका राजालाई?


बारब्बा!
बारब्बा!
तर यो येशूलाई म के गरूँ भन्ने तिमीहरू चाहन्छौ?
क्रूसमा टाँग्नुहोस्!
उसले आफैलाई राजा हुँ भन्छ!
यदि त्यसलाई छोड़िदिनुभयो भने तपाईं कैसरका मित्र हुनुहुनेछैन।
उसको बदलीमा तँ छुटेर जान सक्छस्।
बारब्बालाई छोड़िन्छ। ऊ राजनैतिक हत्याको दोषी ठहरिएको थियो।
३७,३८,३९!
म उसको रगतदेखि निर्दोष छु!
हे यहूदीहरूका राजा, प्रणाम!


हेर! त्यो मानिस!
क्रूसमा टाँग्नुहोस्!
क्रूसमा टाँग्नुहोस्!
क्रूसमा टाँग्नुहोस्!
पिलातसले दण्डाज्ञामा हस्ताक्षर गर्छन्। क्रूसिकरण डरलाग्दो मृत्यु-दण्डको आज्ञा हो। येशूले यातनाको साधनको क्रूस-काठ यरूशलेमका गल्लीहरूहुँदो बोक्नुहुन्छ।
क्रूसमा टाँग्ने ठाउँ शहरदेखि बाहिर छ। यसलाई गलगथा भनिन्छ, अर्थात् खप्परको ठाउँ।
यहाँ सिपाहीहरूले येशूलाई क्रूसमा कीला ठोकेर टाँग्छन्।



यसै बीचमा, आफूले गरेको काम-प्रति यहूदाले पछितो महसूस गर्छ।
मैले गल्ती गरें।
मैले निर्दोष रगतलाई विश्वासघात गरें।
त्यसको हामीलाई के मतलब? त्यो तिम्रो समस्या हो!
येशूलाई दुइ अपराधीहरूका माझमा क्रूसमा टाँगिन्छ।
पिता, यिनीहरूलाई क्षमा गर्नुहोस्, किनकि यिनीहरू के गर्दैछन् सो जान्दैनन्।



तीनओटा भाषामा लेखिएको एउटा दोष-पत्र क्रूसमा टाँसिन्छ, जसले भन्छः "येशू, यहूदीहरूका राजा।"
IESVS NAZARENVS REX IVDAEORVM
येशूले दुःखाइ मेटाउने पेय इन्कार गर्नुहुन्छ।
सिपाहीहरूले उहाँको लुगाको लागि चिट्ठा हाल्छन्।
अँ! के यसले अरूलाई बचाएन र?
यदि तँ परमेश्वरको पुत्र होस् भने क्रूसबाट ओर्ह्लेर आइज!
तिमी आफैलाई र हामीलाई बचाऊ!
परमेश्वरको निम्ति डर मान्। हामीले त हाम्रो कामको उचित फल पाएका छौं, तर यी मानिसले त केही अनुचित काम गरेका छैनन्।
तपाईं आफ्नो राज्यमा आउनुहुँदा मलाई सम्झनुहोला!
म तिमीलाई निश्चयता दिन्छु, तिमी आजै मसित स्वर्गलोकमा हुनेछौ।



करीब १२ बजेतिर सूर्य ग्रहण हुन्छ। सबै कुरा अँध्यारो छ।
येशूको आमा मरियम र उहाँका चेला योआनेस क्रूसको नजीकै उभिएका छन्।
अब तपाईंहरू आमा र छोरा हुनुहुन्छ।
हे मेरा परमेश्वर, हे मेरा परमेश्वर, तपाईंले मलाई किन त्याग्नुभयो?
मलाई... तिर्खा लाग्यो!
हे पिता, म मेरो आत्मा तपाईंको हातमा सुम्पन्छु।
अब... सिद्धियो।



येशू दिउँसो ३ बजेतिर मर्नुहुन्छ। एउटा सिपाहीले येशू-को कोखामा भालाले घोच्छ; पानी र रगत बगिनिस्कन्छ।
पुस्तकहरूमा भनिएको छः "उसलाई मारिन लगेको थुमाझैं लगियो।"
"हाम्रा पापको निम्ति ऊ घोचियो र हिर्काइयो" तर अब उहाँको मृत्यु भएको छ।
के आउनेवाला मसीह उहाँ नै हुनुहुन्थ्यो कि थिएन?
आऊ, हामीले उहाँलाई दफन गर्न सक्छौं कि, सोधौं।
अरिमाथियाका योसेफ र निकोदेमसले येशूको शरीर लैजान्छन्। तिनीहरूले त्यस शरीरमा सुगन्धित द्रव्य मलेर एउटा सूती कपड़ामा बाँध्छन्, अनि त्यसलाई एउटा चिहानमा राखी एउटा ठूलो ढुङ्गाले बन्द गरिदिन्छन्।
52


विश्रामको अवधिपछि, जो निस्तार चाड्को एक भाग हो, कतिपय शोकित स्त्रीहरू बन्द गरिएको चिहानमा जान्छन्...
ढुङ्गा त हटाइएको छ!
जीवितलाई मरेकाहरूको बीचमा तिमीहरू किन खोज्छौ? उहाँ बौरिउठ्नुभएको छ। गएर उहाँका चेलाहरूलाई भनिदेओ!
यो सुनेपछि पत्रस र योआनेस चिहानतिर कुद्छन्।
के भएछ?
यो पूर्ण रूपले रित्तो छ!


चिहान वरपरको बगैंचामा...
नारी, तिमी किन रूँदैछयौ? तिमी कसलाई खोज्दैछौ?
हजूर, के तपाईंले उहाँलाई लैजानुभयो?
मरियम!
गुरुज्यू!
मलाई नछोऊ। मेरा भाइहरूलाई भनिदेऊ, म मेरा पिता र तिमीहरूका पिता र मेरा परमेश्वर र तिमीहरूका परमेश्वरकहाँ गइरहेछु।



त्यस दिन येशूका दुइ निरुत्साहित चेलाहरू येशूको क्रूसिकरणको विषयमा आफ्नो साथमा आउने एउटा बटुवासँग बहस गर्छन्...
त्यसोभए तिमीहरूले अगमवक्ताहरूमाथि विश्वास गर्दैनौ? के मसीहलाई आफ्नो महिमामा प्रवेश गर्नु अघि यी कष्टहरू भोग्न आवश्यक थिएन र? यी सबै कुरा पुस्तकहरूमा लेखिएका छन्।
अचानक, भोजनको बीचमै तिनी-हरूका अतिथि अल्पनुहुन्छ...
तर उहाँ त स्वयम् येशू हुनुहुन्थ्यो!
तिनीहरू तुरुन्तै येशूका अरू चेलाहरूलाई भेट्न जान्छन्।
हामीले प्रभुलाई देख्यौं!
मरियम र पत्रसले पनि देखे!
अचानक...
तिमीहरू-लाई शान्ति!
के यो म नै हुँ भन्ने तिमीहरू विश्वास गर्दैनौ? मेरा हात र पाउहरू हेर!
मेरा प्रभु, र मेरा परमेश्वर!



त्यसपछि ४० दिनसम्म येशू आफ्ना चेलाहरूकहाँ देखा पर्नुहुन्छ। उहाँ एकैपल्ट ५०० जनाकहाँ पनि देखा पर्नुहुन्छ।
एक दिन केही चेलाहरूले गालीलको समुद्रमा माछा मारिरहेका छन्...
बालक हो, तिमीहरूसँग केही खानेकुरो छ?
छैन, हामीले केही पनि पक्रेका छैनौं!
तिमीहरूका जाल अर्कोपट्टि हान!
के अचम्म, कत्ति धेरै माछा!
उहाँ प्रभु पो हुनुहुन्छ!
गुरुज्यू!
के तिमीहरू आएर मसँग खान्छौ?


पत्रस, के तिमी मलाई साँच्चै प्रेम गर्छौ?
येशूले पत्रसलाई तीनपल्टसम्म यो प्रश्न सोध्नुहुन्छ...
ज्यू प्रभु, तपाईं जान्नुहुन्छ, म तपाईंलाई प्रेम गर्छु।
मेरा भेड़ाहरूको हेरचाहा गर!
मेरो पछि आओ!
स्वर्ग र पृथ्वीमा समस्त अधिकार मैले पाएको छु। संसारभरि जाओ र सबै देशका जातिहरूलाई चेला बनाओ। तिनीहरूलाई पिता, पुत्र र पवित्र आत्माको नाउँमा बप्तिस्मा देओ, अनि मैले तिमीहरूलाई भनेका सबै कुरा पालन गर्न तिनीहरूलाई सिकाओ।
याद गर! म युगको अन्तसम्म हरेक दिन तिमीहरूका साथमा छु।
यी वचन बोलेपछि येशूले पृथ्वी छाड्नुहुन्छ अनि उहाँ स्वर्गमा लगिनुहुन्छ। तर उहाँले यो पनि भन्नुभएको छ, कि उहाँ सबै मानिसहरूको न्याय गर्नलाई फर्केर आउनुहुनेछ...


येशू गइसक्नुभएको थियो। उहाँका चेलाहरू यरूशलेममा प्रार्थना गर्दै पर्खंदैछन्। पवित्र आत्मा, अर्थात् परमेश्वरको आत्माले तिनीहरूलाई भर्नुहुन्छ। जुन आत्मा येशूमा हुनुहुन्थ्यो, त्यही आत्मा अब तिनीहरूमा पनि जिउनुहुन्छ। उहाँले तिनीहरूलाई नयाँ मानिसहरू बन्न सामर्थी तुल्याउनुहुन्छ, जसले शक्तिका साथमा येशूको विषयमा गवाही दिन्छन्।




अहिले विश्वभरिका येशूका अनुयायीहरू प्रार्थना गर्न र बाइबल पढ्न एकैसाथ भेला हुन्छन्। तिनी-हरूले येशूको मृत्युको सम्झना गर्न रोटी भाँच्छन् र कचौराबाट पिउँछन्। तिनीहरूको हृदयमा भएको प्रेम तिनीहरूले आफ्ना वरपरका मानिसहरूलाई बाँडून् भन्ने परमेश्वरको इच्छा हो।


येशूले मानिसहरूप्रतिको परमेश्वरको योजना सम्भव तुल्याउनुभएको छ।
येशूले हामीलाई प्रेम गर्नुहुन्छ। धन्यवादी हुनुहोस् र उहाँको आराधना गर्नुहोस्!
परमेश्वरले संसारलाई यति धेरै प्रेम गर्नुहुन्छ, कि उहाँले आफ्नो एकमात्र पुत्र दिनुभयो। उहाँमाथि विश्वास गर्ने कोही पनि नाश हुनेछैन, तर उसले अनन्त जीवन पाउनेछ।
WILLEM DE VINK

# येशूको बारेमा अझै

येशूको समयदेखिका चार जना गवाहहरू थिए, तिनीहरू हरेकले उहाँको बारेमा एउटा पुस्तक लेखे। यी पुस्तकहरू (सुसमाचारहरू) बाइबलमा समावेश गरिएका छन्।

## मतियोस

मतियोस येशूका बाह्र प्रेरितहरूमध्ये एक थिए। उनी प्रेरितहरूसँग तब सामेल भए, जब येशूले उनलाई कफर्नहुमको कर कार्यालयको अड्डाबाट बोलाउनुभयो। येशूले आफैलाई कर उठाउनेहरूसँग सम्मिलित गर्न चाहनुहुँदा मानिसहरू छक्क परेका थिए। उनले लेखेका धेरै कथाहरू मतियोसले गवाहीको रूपमा आफैले देखेका थिए।

## मर्कूस

मर्कूसले छोटो सुसमाचार लेखे (सुसमाचारको शाब्दिक अर्थ "असल खबर" हो)। येशूले इस्राएलमा कार्य गर्दा तिनी केवल एक बालक थिए। मर्कूसले पत्रससँग धेरै यात्रा गरे। उनको पत्रहरूमध्ये एउटामा पत्रसले तिनलाई "मेरो छोरो" भनी सम्बोधन गरेका छन्। पछि मर्कूस पौलससँग यात्रा गर्छन्, पौलस ती व्यक्ति थिए, जसले येशूको सन्देशलाई यूरोपमा पुऱ्याए।

## लूकास

लूकासले पनि एउटा सुसमाचार लेखे, यद्यपि उनी वास्तवमा उपस्थित थिएनन्। उनी एक ग्रीक डाक्टर थिए, जो पछि येशूलाई विश्वास गर्न पुगे। उनले पौलससँग विस्तृत रूपमा यात्रा गरे। एउटा पूर्ण लेखा प्राप्त गर्नलाई लूकासले व्यक्तिगत रूपमा धेरै गवाहहरूलाई भेटे। उनले प्रथम विश्वासीहरूका अनुभवहरू र पहिलो ख्रीष्टियान एकलेसिया कसरी स्थापित भयो भन्ने बारेमा पनि लेखे। त्योचाहिँ बाइबलमा "प्रेरित" भन्ने पुस्तक बन्यो।


## योआनेस

योआनेस येशूप्रति क्रूससम्म पनि विश्वासयोग्य रहे। उनको सुसमाचारको अन्तमा उनले लेखेः *"येशूले अरू पनि धेरै काम गर्नुभयो। मैले यी कुराहरू यसैकारणले लेखेको छु, कि तिमीहरूले येशू नै प्रतिज्ञा गरिएका मसीह हुनुहुन्छ भनी विश्वास गर्न सक। तब तिमीहरूले उहाँको नाउँमा जीवन पाउनेछौ।"*
येशूका सबै चेलाहरूमध्ये शायद योआनेस नै एक हुन्, जो सबैभन्दा लामो समयसम्म बाँचे। पछिको जीवनमा योआनेसले येशू अहिले जस्तो हुनुहुन्छ उहाँको त्यस्तै दर्शन पाए, परमेश्वरको महिमित पुत्रको रूपमा। त्यसलाई प्रकाशको पुस्तकमा दिइएको छ, यो बाइबलको त्यो पुस्तक हो, जसले संसारको अन्त्यको विषयमा पनि बताउँछ।

## अनि तपाईं!

येशूको कथा अझै सकिएको छैन। शताब्दीयौंदेखि यो धेरै विश्वासीहरूको जीवनद्वारा निरन्तर चलिरहेको छ। यो तपाईंको जीवनमा पनि जारी रहन सक्छ। येशूले तपाईंलाई उहाँको प्रेम देखाउन चाहनुहुन्छ, अनि तपाईंको निम्ति उहाँको पिता, अर्थात् परमेश्वरलाई चिन्न सम्भव तुल्याउन चाहनुहुन्छ। उहाँले आज पनि यो काम त्यसरी नै गर्नुहुन्छ, जसरी उहाँले ती प्रथम अनुयायीहरूमाझ गर्नुभयोः उहाँले उहाँको पवित्र आत्मालाई तपाईंको जीवन भित्रैबाट परिवर्तन गरिदिनको निम्ति तपाईंमा जिउनलाई पठाउनुहुन्छ। जे अँध्यारो छ, त्यो उज्यालो बन्नेछ। जुन कुरोको अन्त्य मृत्युमा हुन्थ्यो, त्यसले अब अनन्त जीवनमा दृष्टि लगाउन सक्छ। येशूलाई धन्यवाद होस्, तपाईंको जीवनको निम्ति परमेश्वरको योजना पूरा हुनसक्छ।







**येशू, उद्धारकर्ता–** येशू ख्रीष्टको जीवनबारे चित्र-कथा? हो! नयाँ पुस्ता सबै ठाउँका जवानहरूले बुझ्ने कमिक्स कथाको भाषासित हुर्कंदैछ। त्यसैले यो पुस्तासम्म सुसमाचार लिएर पुग्न येशूको जीवन कथा कमिक्सको रूपमा प्रस्तुत छ।

यो पुस्तक सुसमाचारको अद्वितीय विवरण हो। यो कथा चारै-ओटा सुसमाचारहरूबाट लिइएको एउटै सारांश हो। कथा-लेखले एउटा नाटकीय सिलसिला पछ्याउँदै शक्तिशाली सन्देशलाई समावेश गर्छ। संवाद आधुनिक भाषामा लेखिए तापनि बाइबलको निकट छ। यो चित्र-कथा आजसम्म भनिएका कथाहरूमध्ये सबैभन्दा महत्वपूर्ण कथाको एक विशिष्ट परिचय हो।



